Palhi Peace and Enlightenment: Interdisciplinary Journal
Volume 1 Issue 1, 2026. pp. 91–106
Research Article

# सम्मानजनक सहुलियत र नीतिगत न्यायको पर्खाईमा सामुदायिक कलेजहरू

**डा. बाबुराम अधिकारी[१], सुनील पौडेल[२]**
[१]क्याम्पस प्रमुख, मदन भण्डारी मेमोरियल कलेज
[२]संयोजक, पत्रकारिता तथा आमसञ्चार विभाग, मदन भण्डारी मेमोरियल कलेज

## लेखसार

नेपालको उच्च शिक्षा प्रणालीमा सामुदायिक क्याम्पसहरूको विशेष योगदान छ। यी क्याम्पसहरू सर्वसुलभ पहुँच, समावेशिता, सामाजिक न्याय र स्थानीय मानव पूँजी निर्माणका महत्त्वपूर्ण सार्वजनिक आधारस्तम्भ हुन्। ग्रामीण तथा अर्धशहरी क्षेत्रका विद्यार्थी, विपन्न परिवार, महिला, दलित, जनजाति, मधेसी, श्रमिक वर्ग र पहिलो पुस्ताका शिक्षार्थीलाई घरआँगनमै उच्च शिक्षाको अवसर उपलब्ध गराउँदै यी कलेजहरूले उच्च शिक्षामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । पर्याप्त सार्वजनिक दायित्व निर्वाह गरेतापनि सामुदायिक क्याम्पसहरूले न त सरकारी सरह नियमित बजेट, शिक्षक दरबन्दी, जग्गा सुरक्षा र संस्थागत संरक्षण पाएका छन् न त निजी कलेजसरह उच्च शुल्क उठाउन वा बजारगत स्वतन्त्रता प्रयोग गर्न नै पाउँछन्। यस लेखले सामुदायिक कलेजहरूको यही "न सहुलियत, न सम्मान" को असमञ्जस अवस्थालाई नीतिगत, संवैधानिक, वित्तीय, सामाजिक र संस्थागत दृष्टिकोणबाट विश्लेषण गरेको छ। यो अध्ययन गुणात्मक दस्तावेज–विश्लेषणमा आधारित छ, जसमा संवैधानिक व्यवस्था, विश्वविद्यालय अनुदान आयोगका प्रतिवेदन, उच्च शिक्षा नीति तथा अन्य शैक्षिक–नीतिगत सन्दर्भस्रोतहरूको व्याख्यात्मक समीक्षा गरिएको छ। सामुदायिक कलेजहरूका सङ्कट विद्यार्थी सङ्ख्या घट्नु वा स्रोत अभावजस्ता सतही समस्यामा मात्र सीमित नभई नीतिगत अस्पष्टता, अनुदानको अस्थायित्व, शिक्षक–कर्मचारी सेवा असुरक्षा, जग्गा वैधताको जोखिम, बजारमुखी उच्च शिक्षाको दबाब र कमजोर संस्थागत संरक्षणसँग गाँसिएका संरचनात्मक चुनौतीहरूलाई लेखमा स्पष्ट पार्न खोजिएको छ।

*मुख्य शब्दावली* : सामुदायिक कलेज, उच्च शिक्षा, नीतिगत विभेद, सामाजिक न्याय, संघीयता, अनुदान

**Article Info .**

**Corresponding Author**
Sunil Paudel
**Article History**
Received: April 11, 2026
Accepted: June 28, 2026
**Email**
sunilpaudel.np@gmail.com
**Cite**
Adhikari, B. R., & Paudel, S. (2026). सम्मानजनक सहुलियत र नीतिगत न्यायको पर्खाईमा सामुदायिक कलेजहरू. *Palhi Peace and Enlightenment: Interdisciplinary Journal (PPE)*, *1*(1), 91–106.

## विषय प्रवेश

नेपालको उच्च शिक्षा प्रणालीमा सामुदायिक कलेजहरू विशिष्ट सार्वजनिक संस्थाका रूपमा स्थापित छन् । यी संस्थाहरूलाई केवल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यी संस्था न पूर्ण रूपमा सरकारी हुन्, न त नाफालाई केन्द्रमा राखेर सञ्चालन हुने निजी शिक्षालय नै । यी त स्थानीय समुदायको श्रम, विश्वास, चन्दा, दान, अभिभावकको आकांक्षा, शिक्षकको त्याग, दाताको सदिच्छा, विद्यार्थीको भविष्य र समाजको सामूहिक चेतनाबाट निर्मित उच्च शिक्षाका जनआधारित केन्द्र हुन् । सामुदायिक कलेजहरूको वास्तविक पहिचान भवन, सम्बन्धन वा परीक्षा केन्द्रमा मात्र सीमित छैन, यसको गहिरो अर्थ स्थानीय समाजको आत्मसम्मान, शैक्षिक आकांक्षा र भविष्यप्रतिको सामूहिक प्रतिबद्धतामा निहित छ।


Copyright (©) 2026: Palhi Multiple Campus

नेपालमा आधुनिक उच्च शिक्षाको औपचारिक विकासक्रम लामो समयसम्म सीमित शहरी केन्द्र, सरकारी क्याम्पस र आर्थिक रूपमा सक्षम परिवारको पहुँचभित्र केन्द्रित रह्यो । ग्रामीण क्षेत्रका विद्यार्थीका लागि उच्च शिक्षा प्राप्त गर्नु केवल पढाइको विषय मात्र थिएन; त्यो शहर पस्ने, कोठा भाडामा बस्ने, खाना, यातायात र अन्य खर्च धान्ने, परिवारको श्रमबाट अलग हुने र धेरै अवस्थामा ऋण लिएर भविष्य खोज्ने कठिन यात्रा थियो । विशेषगरी छोरीहरू, विपन्न परिवार, दलित, जनजाति, मधेसी, श्रमिक, किसान र पहिलो पुस्ताका विद्यार्थीका लागि उच्च शिक्षा अझ बढी चुनौतीपूर्ण थियो । यही अभाव, बाध्यता र सामूहिक आकांक्षाको पृष्ठभूमिबाट सामुदायिक कलेजहरूको उदय भएको हो ।

कतिपय स्थानमा कलेज स्थापनाका लागि स्थानीयवासीले आफ्नो खेतको अन्न बेचेर चन्दा दिए, कतै शिक्षकहरूले महिनौँसम्म पारिश्रमिक नलिई कक्षा सञ्चालन गरे, कतै व्यापारीहरूले सिमेन्ट, बालुवा, जस्तापाता, फर्निचर वा अन्य सामग्री उपलब्ध गराए, कतै अभिभावकहरूले आफ्ना छोराछोरी उच्च शिक्षा पढ्न सहर धाउन नपरोस् भन्ने साझा चाहनाका साथ अभियान चलाए । खुला मैदान, मन्दिरका प्राङ्गण, टिनका टहरा वा अस्थायी भवनबाट सुरु भएका ती कलेजहरू केवल इँटा र सिमेन्टले बनेका संरचना थिएनन् तिनमा स्थानीय समाजको आत्मगौरव, भविष्यप्रतिको विश्वास र शिक्षाप्रतिको सामूहिक लगानी मिसिएको थियो ।

तर विडम्बना के छ भने सामुदायिक कलेजहरूले सार्वजनिक सेवा प्रवाह गरे पनि सार्वजनिक संस्थाले पाउनुपर्ने स्थायी संरक्षण, शिक्षक दरबन्दी, नियमित बजेट, पूर्वाधार अनुदान, जग्गा सुरक्षण, अनुसन्धान सहयोग, विद्यार्थी सहुलियत र नीतिगत प्राथमिकता पर्याप्त रूपमा प्राप्त गर्न सकेका छैनन् । अर्कोतर्फ निजी कलेजसरह उच्च शुल्क उठाउने, बजारमुखी ढङ्गले सञ्चालन हुने, नाफालाई आधार बनाउने वा व्यावसायिक लचकता प्रयोग गर्ने अवसर पनि सामुदायिक क्याम्पसहरूलाई छैन । न्यून शुल्कमा पढाउनुपर्ने, स्थानीय तथा कमजोर आय भएका विद्यार्थीलाई समेट्नुपर्ने, सामाजिक दायित्व निर्वाह गर्नुपर्ने, तर राज्यबाट स्थायी सहयोग भने नपाउने यही दोहोरो मारको अवस्थाले सामुदायिक कलेजहरूलाई गहिरो सङ्कटतर्फ धकेलेको छ । यही विरोधाभासको संक्षिप्त तर सशक्त अभिव्यक्ति हो "न सहुलियत, न सम्मान" ।

विश्वविद्यालय अनुदान आयोग (२०२३/२०२४) को EMIS प्रतिवेदनअनुसार नेपालमा कुल ६,३३,०५३ विद्यार्थी उच्च शिक्षामा अध्ययनरत छन् । तीमध्ये २,०४,२३० विद्यार्थी सामुदायिक क्याम्पसमा, २,३७,८५० विद्यार्थी आङ्गिक क्याम्पसमा र १,९०,९७३ विद्यार्थी निजी क्याम्पसमा अध्ययनरत छन् । यो तथ्यबाट सामुदायिक क्याम्पसहरूले कुल उच्च शिक्षा भर्नाको करिब एक–तिहाइ हिस्सा धानिरहेको स्पष्ट हुन्छ । क्याम्पस सङ्ख्याको आधारमा हेर्दा १,४३२ उच्च शैक्षिक संस्थामध्ये ५४५ सामुदायिक, ७२३ निजी र १६४ आङ्गिक क्याम्पस रहेका छन् । सामुदायिक कलेजहरू नेपालको उच्च शिक्षाका सहायक वा परिधीय संस्था होइनन्, बरु उच्च शिक्षाको लोकतान्त्रीकरणका आधार भूत स्तम्भ हुन् भन्ने कुरा यी तथ्यहरूबाट प्रमाणित हुन्छ ।

सामुदायिक क्याम्पसहरूको सङ्कटलाई व्यवस्थापकीय कमजोरी, विद्यार्थी सङ्ख्या घट्नु वा आर्थिक स्रोत अभावको सामान्य समस्याका रूपमा मात्र बुझ्नु अपूर्ण हुन्छ । यो सङ्कट नेपालको उच्च शिक्षामा सामाजिक न्याय, संघीय शासन, सार्वजनिक वित्त, स्थानीय विकास र नीतिगत प्राथमिकतासँग जोडिएको संरचनात्मक प्रश्न हो । संविधानले शिक्षालाई मौलिक अधिकार, समानतालाई राज्यको आधार र सामाजिक न्यायलाई सार्वजनिक नीतिको केन्द्रका रूपमा स्वीकार गरेको छ । ती संवैधानिक मूल्यलाई गाउँ, साना शहर, सीमावर्ती क्षेत्र, विपन्न बस्ती र वञ्चित समुदायसम्म पुऱ्याउने वास्तविक संस्था सामुदायिक कलेजहरू नै हुन् । यदि यी संस्था कमजोर भए भने उच्च शिक्षाको लोकतान्त्रीकरण कमजोर हुन्छ । यी संस्थाहरूलाई बलियो बनाउन सकियो भने उच्च शिक्षामा आम जनताको सहज पुहुँच पुग्छ ।

## साहित्य समीक्षा

### उच्च शिक्षाः सामाजिक न्याय र अवसरको समानता

उच्च शिक्षा केवल शैक्षिक प्रमाणपत्र प्रदान गर्ने प्रक्रिया मात्र होइन, यो व्यक्तिको जीवनस्तर र योग्ता विस्तार गर्ने, सामाजिक गतिशीलता बढाउने, नागरिक चेतना निर्माण गर्ने र स्थानीय विकासलाई बौद्धिक आधार दिने माध्यम हो । शिक्षा व्यक्तिको उत्पादनशीलता, आयस्तर र आर्थिक विकाससँग प्रत्यक्ष सम्बन्धित छ भन्ने मान्यता मानव पूँजी सिद्धान्तले राख्छ (Becker, १९६४)। तर उच्च शिक्षाको महत्त्व केवल आर्थिक लाभमा सीमित छैन । क्षमतामूलक दृष्टिकोणका आधारमा शिक्षालाई व्यक्तिका लागि आफ्नो क्षमता पहिचान गर्ने, जीवनका विकल्प विस्तार गर्ने, सामाजिक सहभागिता बढाउने र सम्मानपूर्ण जीवन जिउने आधारका रूपमा बुझिन्छ (Sen, १९९९) । यस अर्थमा सामुदायिक कलेजहरू विपन्न तथा पहिलो पुस्ताका विद्यार्थीका लागि केवल डिग्री प्राप्त गर्ने संस्था मात्र नभई ती जीवनका विकल्प विस्तार गर्ने सामाजिक संरचना हुन् भन्ने कुरा प्रष्ट हुन्छ।

सामाजिक न्यायका दृष्टिले समानता र समता फरक कुरा हुन् । सबै संस्थालाई एउटै मापदण्डमा नाप्नु औपचारिक समानता हुन सक्छ, तर समतामुलक सामाजिक न्याय होइन । सहरका स्रोतसम्पन्न निजी कलेज, स्थायी बजेट पाएको सरकारी आङ्गिक क्याम्पस र दुर्गम जिल्लामा समुदायको बलमा चलिरहेको सामुदायिक कलेजलाई एउटै वित्तीय, प्रशासनिक र गुणस्तर मापदण्डले मूल्याङ्कन गर्नु कदापि न्यायपूर्ण हुन सक्दैन। जोन रल्सका अनुसार न्यायपूर्ण समाज त्यो हो जहाँ सबै व्यक्तिलाई समान आधारभूत अधिकार र स्वतन्त्रता प्राप्त हुन्छ, अवसरमा निष्पक्ष समानता हुन्छ, र सामाजिक–आर्थिक असमानता भए पनि त्यसबाट समाजका सबैभन्दा कमजोर वर्गले सबैभन्दा बढी लाभ पाउँछन्। यसरी उनले "न्याय भनेको निष्पक्षता हो" भन्ने सिद्धान्त प्रस्तुत गर्दै समानता, स्वतन्त्रता र सामाजिक न्यायमा आधारित समाजको परिकल्पना गरेका छन् । (Rawls, १९७१) । सामुदायिक कलेजको मूल्याङ्कन गर्दा तिनको भूगोल, विद्यार्थीको सामाजिक–आर्थिक पृष्ठभूमि, विकल्पको उपलब्धता, स्थानीय आवश्यकता र समावेशितामा पुऱ्याएको योगदानलाई केन्द्रीय आधार बनाउनुपर्छ।

### उच्च शिक्षाको लोकतान्त्रीकरण र सामुदायिक कलेज

उच्च शिक्षाको लोकतान्त्रीकरण भनेको विश्वविद्यालयीय शिक्षा सीमित अभिजात वर्गबाट बाहिर आई व्यापक सामाजिक समूहसम्म पुग्नु हो । नेपालमा सामुदायिक कलेजहरूले यही ऐतिहासिक भूमिका निर्वाह गरेका छन्। यी कलेजहरूले त्यस्ता विद्यार्थीलाई उच्च शिक्षाको अवसर दिएका छन् जसका लागि राजधानी वा ठूला शहर जानु आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले कठिन हुने गर्छ। विशेषगरी महिलाहरूका लागि घर नजिकै कलेज खुल्नु उच्च शिक्षाको सुरक्षित ढोका बन्न पुगेकोछ। घरबाट टाढा पठाउन नचाहने वा खर्च धान्न नसक्ने परिवारले छोरीलाई स्थानीय कलेजमा भर्ना गर्न सकेका छन्।

UGC को EMIS प्रतिवेदनले नेपालमा उच्च शिक्षाको कुल लैङ्गिक समानता सूचक Gender Parity Index (GPI) १.३ रहेको देखाएको छ। जसअनुसार २,७४,९१३ छात्र भने ३,५८,१४० छात्राहरू उच्च शिक्षामा अध्ययनरत छन् (UGC, २०२४a) । यस तथ्यबाट महिलाको उच्च शिक्षा सहभागिता बढ्दै गएको पुष्टि हुन्छ ।

### बजारमुखी उच्च शिक्षा र वर्गीय विभाजन

पछिल्ला दशकमा उच्च शिक्षामा निजीकरण, बजारीकरण, विदेशी विश्वविद्यालयको आकर्षण, शिक्षा परामर्श उद्योग र वैदेशिक अध्ययन र रोजगारीको तीव्र प्रवृत्ति देखिएको छ। निजी कलेजहरूले केही क्षेत्रमा आधुनिक पूर्वाधार, व्यवस्थापन, डिजिटल सुविधा, करियर सेवा र बजारउन्मुख कार्यक्रम ल्याएका छन्। तर बजारले सबै विद्यार्थीलाई समान अवसर दिँदैन। उच्च शुल्क, अंग्रेजीमैत्री वातावरण, डिजिटल स्रोत, सामाजिक नेटवर्क र अन्तर्राष्ट्रिय अवसरहरू आर्थिक रूपमा सक्षम परिवारका विद्यार्थीका लागि बढी उपलब्ध हुन्छन्।

विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदनले सीमित स्रोत, उच्च शिक्षा अध्ययनका लागि

विदेशिने प्रवृत्ति, योग्य शिक्षकको अभाव, नकारात्मक भर्ना प्रवृत्ति, कलेज छोड्ने उच्च दर, कमजोर उत्तीर्ण प्रतिशत र शिक्षित बेरोजगारीको अवस्थालाई नेपालको उच्च शिक्षाका महत्त्वपूर्ण चुनौतीका रूपमा उल्लेख गरेको छ (UGC, २०२४b)। यो विश्लेषण सामुदायिक कलेजका लागि विशेष रूपमा सान्दर्भिक छ, किनकि यिनै कलेजहरू न्यून शुल्क, सीमित स्रोत र विविध विद्यार्थी पृष्ठभूमिको दबाबबीच सञ्चालन भइरहेका छन्।

यदि सामुदायिक कलेजहरू कमजोर हुँदै गए भने नेपालको उच्च शिक्षामा सामाजिक तथा आर्थिक विभेद बढ्ने सम्भावना प्रबल हुन्छ। सम्पन्न वर्गले महँगो भए पनि गुणस्तरीय शिक्षा प्राप्त गर्नेछ भने विपन्न वर्ग गुणस्तरहीन शिक्षामा सीमित हुन बाध्य हुनेछ, जसले शैक्षिक असमानतालाई थप गहिरो बनाउनेछ। यस्तो विभाजन शिक्षा प्रणालीको समस्या मात्र होइन यो लोकतन्त्र, समान अवसर र सामाजिक गतिशीलताको सङ्कट हो। असमान शिक्षाले असमान नागरिक उत्पादन गर्छ। त्यसैले सामुदायिक कलेजलाई बलियो बनाउनु गरिब विद्यार्थीलाई सस्तो प्रमाणपत्र दिनु मात्र होइन, उनीहरूलाई गुणस्तरीय, सम्मानजनक र प्रतिस्पर्धी अवसर दिनु हो।

## संघीयता र सामुदायिक कलेजबारे अस्पष्ट नीति

नेपालको संविधानले शिक्षा, समानता र सामाजिक न्यायलाई राज्यको महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ। संविधानको धारा ३१ ले शिक्षासम्बन्धी हक, धारा ४० ले दलित समुदायको शिक्षा सम्बन्धी विशेष व्यवस्था, र धारा ४२ ले सामाजिक न्यायको हकलाई स्वीकार गरेको छ (Constitution of Nepal, 2072)। तर संवैधानिक वाचा व्यवहारमा रूपान्तरण हुन त्यसलाई कार्यान्वयन गर्ने संस्था सक्षम हुनुपर्छ। सामुदायिक कलेजहरू त्यस्ता संस्था हुन्, जसले संविधानको सामाजिक न्यायसम्बन्धी मर्मलाई स्थानीय स्तरमा व्यवहारिक बनाएका छन्।

नेपालको संघीय संरचनाले शिक्षा क्षेत्रमा बहुस्तरीय शासनको व्यवस्था गरेको छ। संघीय सरकारले विश्वविद्यालयहरूको मापदण्ड नियमन र राष्ट्रिय नीति हेर्ने प्रावधान छ। प्रदेश तहले प्रादेशिक उच्च शिक्षा र प्रादेशिक विश्वविद्यालय विकास गर्ने र स्थानीय तहले आधारभूत र माध्यमिक शिक्षा सञ्चालन गर्ने संरचना बनेको छ। सिद्धान्ततः यो नीतिगत संरचना समन्वित शासनका लागि उपयोगी भएपनि व्यवहारमा उच्च शिक्षाप्रतिको स्पष्ट उत्तरदायित्वमा कुनै पनि तह पूर्ण जवाफदेही बन्नुपर्ने प्रावधान देखिदैन्।

संघीय सरकार उच्च शिक्षालाई विश्वविद्यालय र विश्वविद्यालय अनुदान आयोगमार्फत हेर्ने विषय मान्छ। प्रदेश सरकारहरूले उच्च शिक्षालाई अधिकारक्षेत्रमा राखे पनि पर्याप्त स्रोत, नीति र संस्थागत क्षमता विकास गरिसकेका छैनन्। स्थानीय तहहरू आफ्नो संवैधानिक प्राथमिक दायित्व आधारभूत र माध्यमिक शिक्षामा केन्द्रित छन्। फलतः सामुदायिक कलेजहरू तीनै तहको सरोकारमा परे पनि कुनै तहको स्पष्ट, स्थायी र उत्तरदायी अभिभावकत्वभित्र पर्न सकेका छैनन्। यही नीतिगत रिक्तताका कारण सामुदायिक कलेजहरू झन गहिरो सङ्कटतर्फ उन्मुख हुन पुगेका छन्।

नेपालमा उच्च शिक्षासम्बन्धी धेरै अध्ययन भए पनि सामुदायिक कलेजप्रतिको नीतिगत विभेदबारे अध्ययन निकै कम भएका छन्। सामुदायिक कलेजहरूले सार्वजनिक शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याए पनि तिनको संरक्षणका लागि सरकारी नीतिको आवश्यकतामा यो लेख केन्द्रित छ।

## अनुसन्धानको उद्देश्य

यस अध्ययनको उद्देश्य नेपालका सामुदायिक कलेजहरूले उच्च शिक्षाको पहुँच विस्तार, समावेशिता प्रवर्द्धन तथा स्थानीय विकासमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु र उनीहरूले सामना गरिरहेका नीतिगत, वित्तीय, संस्थागत, कानुनी, भौतिक तथा सामाजिक चुनौतीहरूको पहिचान, विश्लेषण गरी तिनका नीतिगत प्रभावहरूको मूल्याङ्कन गर्नु हो।

## अनुसन्धान विधि

यो अध्ययन गुणात्मक, व्याख्यात्मक तथा दस्तावेज–विश्लेषणमा आधारित छ। अध्ययनले प्राथमिक

सर्वेक्षण वा अन्तर्वार्ताको प्रयोग नगरी उपलब्ध नीति, ऐन, प्रतिवेदन, संवैधानिक व्यवस्था, विश्वविद्यालय अनुदान आयोगका तथ्याङ्क, उच्च शिक्षा सम्बन्धी दस्तावेज र सामुदायिक कलेजको पृष्ठभूमि सामग्रीलाई विश्लेषणको आधार बनाएको छ।

सामग्री विश्लेषणका क्रममा उच्च शिक्षामा पहुँच, सामाजिक न्याय, वित्तीय संरचना, संघीय उत्तरदायित्व, गुणस्तर प्रत्यायन, शिक्षक कर्मचारी सुरक्षा, विद्यार्थी घट्दो प्रवृत्ति, जग्गा वैधता, बजारमुखी दबाब र सार्वजनिक उत्तरदायित्वजस्ता विषयगत क्षेत्रहरू निर्धारण गरिएका छन् । त्यसपछि ती विषयहरूबीचको अन्तरसम्बन्ध पहिचान गरी परिणाम तथा छलफल खण्डमा विश्लेषण गरिएको छ।

तथ्याङ्कीय आधारका लागि मुख्य रूपमा विश्वविद्यालय अनुदान आयोगको शिक्षा व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन (२०८०/०८१), शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रतिवेदन (२०८०/८१), नेपालको संविधान र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भोगाधिकारसम्बन्धी सूचनालाई प्रयोग गरिएको छ।

**तालिका १**

*क्याम्पसका प्रकार र सङ्ख्या*

| क्याम्पसका प्रकार | २०१६/०१७ | २०२१/०२२ | २०२३/०२४ |
|---|---|---|---|
| आङ्गिक | ९९ | १६२ | १६४ |
| सामुदायिक | ५३२ | ५३९ | ५४५ |
| निजी | ७७७ | ७५४ | ७२३ |
| जम्मा | १,४०८ | १,४५५ | १,४३२ |

*स्रोत :* UGC (2024a)

तालिका १ अनुसार २०१६/१७ देखि २०२३/२४ सम्म सामुदायिक क्याम्पसहरूको सङ्ख्या ५३२ बाट ५४५ पुगेको छ। यसै अवधिमा निजी क्याम्पसहरू ७७७ बाट ७२३ मा घटेका छन् भने आङ्गिक क्याम्पसहरू ९९ बाट १६४ पुगेका छन्। यो तथ्याङ्कले सामुदायिक कलेजहरूको सङ्ख्या बढ्दो रहेको देखाउँछ।

**तालिका २**

*क्याम्पसको प्रकार अनुसार विद्यार्थी भर्ना विवरण*

| क्याम्पस प्रकार | २०१६/१७ | २०२३/२४ | २०२३/२४ को हिस्सा |
|---|---|---|---|
| आङ्गिक | १,२१,२४१ | २,३७,८५० | ३७ .५७ प्रतिशत |
| सामुदायिक | १,०५,६४६ | २,०४,२३० | ३२ .२६ प्रतिशत |
| निजी | १,४४,२९७ | १,९०,९७३ | ३० .१७ प्रतिशत |
| जम्मा | ३,७१,१८४ | ६,३३,०५३ | १०० प्रतिशत |

*स्रोत :* UGC (2024a)

तालिका २ अनुसार सामुदायिक कलेजहरूमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या २०१६/१७ को १,०५,६४६ बाट बढेर २०२३/२४ मा २,०४,२३० पुगेको छ । यसले सामुदायिक कलेजहरूको आकर्षण र राष्ट्रिय योगदान उल्लेखनीय रूपमा बढेको देखाउँछ। २०२३/२४ मा यी कलेजहरूले कुल विद्यार्थी भर्नाको ३२.२६ प्रतिशत हिस्सा ओगटेका छन्।

**तालिका ३**

*प्रदेशअनुसार सामुदायिक क्याम्पसको विवरण*

| प्रदेश | सामुदायिक क्याम्पस सङ्ख्या | प्रदेशको कुल उच्च शिक्षा विद्यार्थी संख्या |
|---|---|---|
| कोशी | ९० | ८३,१७० |
| मधेश | ४३ | ६२,५९६ |
| बागमती | १६७ | २,७८,८११ |
| गण्डकी | ६६ | ४४,१८६ |
| लुम्बिनी | १०० | ९०,२७१ |
| कर्णाली | २९ | २५,३९२ |
| सुदूरपश्चिम | ५० | ४८,६२७ |

*स्रोत :* UGC (2024a)

प्रदेशगत वितरणअनुसार बागमतीमा सबैभन्दा बढी १६७ सामुदायिक क्याम्पस रहेका छन्। यद्यपि, कर्णालीका २९ र सुदूरपश्चिमका ५० सामुदायिक क्याम्पसहरू दुर्गम स्थानमा उच्च शिक्षाको प्रमुख आधार हुन् । त्यसैले सामुदायिक कलेजहरूको मूल्याङ्कन विद्यार्थी सङ्ख्यामा मात्र सीमित नगरी भौगोलिक अवस्था, सामाजिक समावेशिता, वैकल्पिक शैक्षिक अवसरको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा गर्नुपर्ने देखिन्छ।

**तालिका ४**

*गुणस्तर प्रत्यायन प्रक्रियामा उच्च शैक्षिक संस्थाको सहभागिता*

| संस्था प्रकार | कुल संस्था | QAA प्रक्रियामा सहभागी | प्रतिशत |
|---|---|---|---|
| आङ्गिक | १६२ | ७० | ४३ .२० |
| सामुदायिक | ५३९ | १४६ | २७ .०८ |
| निजी | ७५४ | ७७ | १० .२१ |
| विदेशी सम्बन्धन | ५९ | २ | ३ .३८ |

*स्रोत :* UGC (2024b)

तालिका ४ ले सामुदायिक कलेजहरू गुणस्तर सुधार प्रक्रियामा सक्रिय देखिएको पुष्टि गर्छ। QAA प्रक्रियामा १४६ सामुदायिक संस्था सहभागी हुनु र निजी संस्थाको तुलनामा उच्च अनुपात देखिनु महत्त्वपूर्ण सङ्केत हो । सामुदायिक कलेजलाई केवल कमजोर, अव्यवस्थित वा परम्परागत संस्था भनेर चित्रण गर्नु तथ्यगत रूपमा उचित छैन । पर्याप्त स्रोत, नेतृत्व, प्राविधिक सहयोग र नीतिगत समर्थन पाए यी संस्था गुणस्तर सुधारमा सक्षम हुन सक्छन्  भन्ने कुरा तथ्याङ्कबाट प्रष्ट हुन्छ।

## नतिजा र विश्लेषण

### सामुदायिक कलेजः उच्च शिक्षाको केन्द्रीय आधार

नेपालको उच्च शिक्षा प्रणालीमा सामुदायिक कलेजहरूको उपस्थिति उल्लेखनीय छ । आङ्गिक क्याम्पसहरूको सङ्ख्या सीमित रहेको र निजी कलेजहरू प्रायः सहरी क्षेत्रमा केन्द्रित भएको अवस्थामा सामुदायिक कलेजहरूले दुर्गम, ग्रामीण र सामाजिक रूपमा कम प्रतिनिधित्व भएका क्षेत्रमा उच्च शिक्षाको पहुँच विस्तार गरेका छन्। सन् २०२३/२४ को तथ्याङ्क अनुसार उच्च शिक्षाका कुल ६,३३,०५३ मध्ये सामुदायिक क्याम्पसले २,०४,२३० विद्यार्थी धानेका छन्। जुन निजी क्याम्पसमा अध्ययनरत १,९०,९७३ विद्यार्थी भनदा निकै बढी हो (UGC, २०२४a) । यस तथ्यबाट के पुष्टि हुन्छ भने नेपालको उच्च शिक्षाको विस्तार सरकारी संरचनाले मात्र सम्भव भएको होइन, स्थानीय समुदायले पनि समानान्तर रूपमा ठूलो दायित्व वहन गरेको छ।

सामुदायिक कलेजको महत्त्व केवल विद्यार्थी सङ्ख्यामा मात्र सीमित छैन। कुनै दुर्गम पहाडी जिल्लाको सानो क्याम्पसमा विद्यार्थी सङ्ख्या कम हुन सक्छ, तर त्यो क्याम्पस स्थानीय छात्राका लागि उच्च शिक्षाको एक मात्र सुरक्षित विकल्प बनेको हुनसक्छ। कुनै सीमावर्ती मधेशी बस्तीको कलेजले पहिलो पुस्ताका विद्यार्थीलाई स्नातक तहसम्म पुर्याएको हुनसक्छ । कुनै ग्रामीण क्याम्पस स्थानीय शिक्षक, कर्मचारी, जनप्रतिनिधि, उद्यमी र सामाजिक अगुवा उत्पादन गर्ने केन्द्र बन्न सक्छ। त्यसैले सामुदायिक कलेजलाई केवल लागत–विद्यार्थी अनुपातको सूत्रले मूल्याङ्कन गर्नु न्यायसङ्गत हुँदैन। यसको सामाजिक मूल्य, स्थानीय आवश्यकता र विकल्पको अभावलाई समेत ध्यान दिनुपर्छ।

### उच्च शिक्षाको पहुँचमा सामुदायिक कलेजको आवश्यकता

विश्वविद्यालय अनुदान आयोगको तथ्याङ्कअनुसार नेपालमा उच्च शिक्षाको कुल भर्ना अनुपात Gross Enrollment Ratio (GER) २२ प्रतिशत मात्र छ (UGC, २०२४a) । यसको अर्थ १८–२२ वर्ष उमेर समूहका सबै युवामध्ये करिब पाँचमध्ये एकजना मात्र उच्च शिक्षामा समेटिएका छन्। कुल छात्र भर्ना अनुपात १७.८ प्रतिशत र कुल छात्रा भर्ना अनुपात २४.६ प्रतिशत देखिएको छ । कुल लैङ्गिक समानता सूचक १.३ हुनु छात्राको भर्ना अनुपात बढेको सकारात्मक सङ्केत हो, तर समग्र कुल भर्ना अनुपात २२ प्रतिशत मात्रै हुनुले उच्च शिक्षाको पहुँच अझै व्यापक बनाउनुपर्ने आवश्यकता देखाउँछ।

यस सन्दर्भमा सामुदायिक कलेजहरूको भूमिका झन् महत्त्वपूर्ण छ। यदि उच्च शिक्षाको कुल पहुँच नै सीमित छ भने घर नजिकै, कम शुल्कमा र स्थानीय सामाजिक सन्दर्भसँग जोडिएर पढ्न पाउने संस्थालाई कमजोर पार्नु देशको दीर्घकालीन मानव पूँजी निर्माणका लागि हानिकारक हुन्छ। त्यसैले सामुदायिक कलेजहरू उच्च शिक्षाका अभिन्न संस्था हुन्, जसले बजार आकर्षण कम भएका, सरकारी पहुँच सीमित रहेका र विद्यार्थीलाई अन्यत्र जान कठिन हुने क्षेत्रमा उच्च शिक्षाको निर्विकल्प अवसर विस्तार गर्छन्।

### संवैधानिक वाचा र संस्थागत वास्तविकता

नेपालको संविधानले शिक्षा, समानता र सामाजिक न्यायलाई महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ । आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, दलित तथा सामाजिक रूपमा पछाडि पारिएका, पिछडिएका एवम् सिमान्तकृत समुदायका लागि उच्च शिक्षामा विशेष अवसरको व्यवस्था संवैधानिक भावनामा निहित छ (Government of Nepal, २०१५/२०२०) । तर संविधानले दिएको अधिकार व्यवहारमा रूपान्तरण हुन ती अधिकार कार्यान्वयन गर्ने संस्था सक्षम हुनुपर्छ। सामुदायिक कलेज नै ती संस्था हुन् जसले संविधानको सामाजिक न्यायसम्बन्धी वाचालाई स्थानीय स्तरमा व्यवहारिक बनाउँछन्।

यद्यपि यी संस्थाहरू आफ्नै वित्तीय असुरक्षा, स्रोत अभाव, जग्गा समस्या, शिक्षक–कर्मचारी सङ्कट र नीतिगत उपेक्षामा परेका छन्। यसले संवैधानिक वाचा र संस्थागत वास्तविकताबीच गहिरो दूरी देखाउँछ । राज्यले उच्च शिक्षा अधिकारको कुरा मात्रै गर्छ तर त्यस अधिकारलाई कमजोर वर्गसम्म पुर्याउने कलेजलाई स्थायी संरक्षण दिँदैन भने संवैधानिक अधिकार कागजमा सीमित हुने जोखिम बढ्छ।

### जिम्मेवारीको अस्पष्टता र अभिभावकविहिनता

संघीय संरचनाले उच्च शिक्षामा बहुस्तरीय समन्वयको सम्भावना दिएको छ । तर व्यवहारमा यो सम्भावना स्पष्ट कार्यविभाजनमा रूपान्तरण हुन सकेको छैन । संघीय तह नीतिगत मापदण्ड र विश्वविद्यालयीय नियमनमा केन्द्रित छ । प्रदेश तह उच्च शिक्षाको अधिकारक्षेत्र पाए पनि स्रोत, संरचना र प्राथमिकतामा अझै विकासोन्मुख छ । स्थानीय तह विद्यालय शिक्षामा केन्द्रित हुँदा सामुदायिक कलेजसँग योजनाबद्ध दीर्घकालीन सहकार्य कम देखिन्छ ।

यसरी सामुदायिक कलेजहरू स्थानीय भूगोलमा छन् तर स्थानीय तहको अनिवार्य दायित्वभित्र छैनन् । प्रदेशको उच्च शिक्षा अधिकारसँग सम्बन्धित छन् तर प्रदेशबाट नियमित संरक्षण पाउँदैनन् । संघीय अनुदान प्रणालीमा छन् तर स्थायी वित्तीय आधार प्राप्त गर्दैनन् । परिणामतः यी संस्था सबैको सरोकार भए पनि कसैको पूर्ण उत्तरदायित्व बन्न सकेका छैनन् । यही अभिभावकत्वविहीनता सामुदायिक कलेजहरूको सबैभन्दा गहिरो नीतिगत सङ्ककट हो ।

### अनुदान छ तर स्थायित्व छैन

विश्वविद्यालय अनुदान आयोगमार्फत सामुदायिक कलेजहरूले नियमित अनुदान, भौतिक विकास सहयोग, गुणस्तर सुधार, अनुसन्धान, छात्रवृत्ति र क्षमता विकाससम्बन्धी सहयोग प्राप्त गर्दै आएका छन् । यो व्यवस्था सकारात्मक छ । तर प्रश्न अनुदानको अस्तित्वको मात्र होइन, अनुदानले संस्था दीर्घकालीन रूपमा टिकाउन सक्छ कि सक्दैन भन्ने हो । धेरै सामुदायिक कलेजका लागि अनुदान स्थायी आधारभन्दा अस्थायी प्राणवायुजस्तो भएको छ ।

कतै अनुदान थोरै हुन्छ, कतै ढिलो आउँछ, कतै प्रक्रिया जटिल हुन्छ, कतै परियोजना–आधारित सहयोगले नियमित खर्च धान्दैन । पुस्तकालयका लागि रकम आए पनि शिक्षकको तलब कहाँबाट दिने? भवन बने पनि इन्टरनेट, विद्युत्, मर्मत, सुरक्षा र उपकरण कसरी धान्ने? प्रयोगशाला बने पनि प्राविधिक कर्मचारी कसरी राख्ने? गुणस्तर प्रत्यायन प्रक्रिया सुरु भए पनि तथ्याङ्क व्यवस्थापन, अनुसन्धान, प्रकाशन र विद्यार्थी सेवा कसरी निरन्तर राख्ने? यी प्रश्नहरूले सामुदायिक कलेजको वास्तविक वित्तीय सङ्कट उजागर गर्छन् ।

विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदनले नेपालका ५०५ क्याम्पसमा १०० वा सोभन्दा कम विद्यार्थी रहेको उल्लेख गर्छ, जुन कुल क्याम्पसको ३५.२७ प्रतिशत हो (UGC, २०२४a) । कम विद्यार्थी सङ्ख्या भएका क्याम्पसहरूमा पुस्तकालय, प्रयोगशाला, डिजिटल प्रणाली, पूर्णकालीन शिक्षक, परामर्श सेवा र प्रशासनिक क्षमता धान्न गाह्रो हुन्छ । तर सबै साना क्याम्पस अनावश्यक छन् भन्ने निष्कर्ष पनि गलत हुन्छ । दुर्गम क्षेत्रमा विद्यार्थी सङ्ख्या कम हुनु भौगोलिक र जनसाङ्ख्यिक कारणले स्वाभाविक हुन सक्छ । त्यसैले विद्यार्थी सङ्ख्या कम भएको कलेजलाई तुरुन्त बन्द गर्ने होइन, सामाजिक आवश्यकता, विकल्पको उपलब्धता, समायोजन सम्भावना र गुणस्तर सुधार क्षमता हेरेर नीति बनाउनु आवश्यक छ ।

### शिक्षक–कर्मचारीको मौनता र गुणस्तर सङ्कट

सामुदायिक कलेजको सबैभन्दा गहिरो कम चर्चा हुने गरेको सङ्कट शिक्षक र कर्मचारीको असुरक्षा हो । धेरै कलेजमा स्थायी दरबन्दी छैन । आंशिक शिक्षक, करार शिक्षक, न्यून पारिश्रमिकमा काम गर्ने कर्मचारी, अनियमित तलब र पेशागत अनिश्चितता सामान्यजस्तै बनेका छन् । तर उच्च शिक्षा शिक्षकले केवल पाठ्यपुस्तक पढाउने प्रक्रिया होइन । शिक्षकले विद्यार्थीलाई सोच्न, प्रश्न गर्न, अनुसन्धान गर्न, समाजसँग सिद्धान्त जोड्न, लेख्न, बोल्न, बहस गर्न र जीवनको दिशा पहिचान गर्न सहयोग गर्नुपर्छ ।

विश्वविद्यालय अनुदान आयोगे सीमित स्रोत, योग्य शिक्षकको उपलब्धता, उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी विदेशिने प्रवृत्ति, नकारात्मक भर्ना दर, कलेज छोड्ने उच्च दर र शिक्षित बेरोजगारी उच्च शिक्षाको चुनौतीका रूपमा औंल्याएको छ (UGC, २०२४b) । यी चुनौती सामुदायिक कलेजहरूमा अझ तीव्र रूपमा देखिन्छन् । यदि शिक्षक स्वयम् असुरक्षित छन् भने उनीहरूले दीर्घकालीन शैक्षिक लगानी कसरी गर्ने? अर्को सेमेस्टरमा कक्षा पाइन्छ कि पाइँदैन भन्ने अनिश्चिततामा

रहेको शिक्षकले अनुसन्धान योजना कसरी बनाउने? तलब कहिले आउँछ भन्ने निश्चित नभएको कर्मचारीले डिजिटल अभिलेख, परीक्षा व्यवस्थापन, विद्यार्थी सेवा र वित्तीय पारदर्शिता कसरी व्यावसायिक ढङ्गले सञ्चालन गर्ने?

सामुदायिक कलेज सुधारको पहिलो शर्त शिक्षक–कर्मचारीको न्यूनतम सेवा सुरक्षा हो । सबैलाई तत्काल सरकारी दरबन्दीमा लैजान सम्भव नहोला, तर न्यूनतम पारिश्रमिक, योगदानमा आधारित सामाजिक सुरक्षा, नियमित तलब कोष, पेशागत तालिम, अनुसन्धान प्रोत्साहन, कार्यसम्पादन मूल्याङ्कन र सेवा निरन्तरताको स्पष्ट ढाँचा अनिवार्य छ । शिक्षकलाई सम्मान नदिई कलेजलाई सम्मानित बनाउन सकिँदैन ।

## विद्यार्थी घट्नु केवल कलेजको कमजोरी होइन

आज धेरै सामुदायिक कलेजका कक्षाकोठामा खाली बेन्च देखिन्छन् । तर यो दृश्य कलेज व्यवस्थापनको कमजोरी मात्र होइनन् यो नेपालको युवामनोविज्ञान, श्रम बजार, वैदेशिक अध्ययन, रोजगारी आकाङ्क्षा, पाठ्यक्रम सान्दर्भिकता र परीक्षा प्रणालीसँग जोडिएको गहिरो सङ्केत हो । कक्षा १२ सक्नासाथ विद्यार्थी IELTS, PTE, कोरियाली भाषा, जापानी भाषा, अष्ट्रेलिया, क्यानडा, जापान, कोरिया, युरोप वा खाडी गन्तव्यतर्फ उन्मुख हुन्छन् । चार वर्ष यहाँ पढेर के हुन्छ? विदेश गए कमाइ हुन्छ  भन्ने मानसिकता नेपालमा सामान्य बनेको छ ।

यस समस्याप्रति विद्यार्थीलाई मात्र दोष दिनु उचित होइन । यदि स्थानीय कलेजले बजारसँग जोडिएको पाठ्यक्रम, सिप, इन्टर्नसिप, डिजिटल सुविधा, भाषा दक्षता, करियर परामर्श, अनुसन्धान अनुभव, उद्यमशीलता र रोजगारीको अवसर दिन सकेन भने विद्यार्थी वैकल्पिक बाटो खोज्न बाध्य हुन्छन् । परीक्षा ढिलो हुने, नतिजा ढिलो आउने, पाठ्यक्रम पुरानो हुने, कार्यक्रम स्वीकृति ढिलो हुने र डिग्रीको रोजगारी मूल्य अस्पष्ट हुने समस्याले विद्यार्थीमा निराशा बढाउँछ ।  विश्वविद्यालय अनुदान आयोगले सीमित स्रोत, विद्यार्थी बाहिरिने प्रवृत्ति, नकारात्मक भर्ना, ड्रप–आउट, कमजोर उत्तीर्ण दर  र सीमित शिक्षित रोजगारीलाई सम्बोधन गर्ने सुधारात्मक मार्गका रूपमा QAA लाई व्याख्या गरेको छ (UGC, २०२४b) ।

यसैले सामुदायिक कलेजले अब सस्तो शिक्षा मात्र होइन सार्थक शिक्षा दिनुपर्छ । विद्यार्थीलाई डिग्रीसँगै सिप, आत्मविश्वास, भाषा, डिजिटल दक्षता, स्थानीय अर्थतन्त्रको ज्ञान, अनुसन्धान क्षमता र उद्यमशीलता प्रदान गर्नसके मात्र सामुदायिक कलेजले विद्यार्थी आकर्षित गर्न सक्छन् ।

## ग्रामीण उच्च शिक्षामा सामुदायिक कलेजको भूमिका

सामुदायिक कलेजको महत्त्व तथ्याङ्कबाट मात्र बुझ्न सकिँदैन् विद्यार्थीको दैनिक जीवनबाट पनि बुझ्नुपर्छ । पहाडी गाउँकी छात्रा बिहान घरको काम सकी बस चढेर कलेज पुग्छिन्, फर्केर परिवारको दायित्व निर्वाह गर्छिन् र साँझ मोबाइलको सानो स्क्रिनमा नोट पढ्छिन् । मधेशी श्रमिक परिवारको छोरा बिहान पसलमा बाबुलाई सघाएर दिउँसो कलेज जान्छ । कुनै दलित विद्यार्थी परीक्षा फारम भर्न शुल्क जुटाउने चिन्तामा हुन्छ । कुनै विवाहित महिला विद्यार्थी घर, बालबच्चा, परिवार र समाजको अनेक टिकाटिप्पणी पार गर्दै कलेज पुग्छिन् । कुनै जनजाति विद्यार्थी आफ्नो परिवारको पहिलो स्नातक बन्ने सपनाको यात्रामा हुन्छ ।

यही जीवन यथार्थमा सामुदायिक कलेजको सामाजिक अर्थ भेटिन्छ । घर नजिकै कलेज हुँदा सहरमा कोठा लिनु पर्दैन, भाडा र खाना खर्च बचत हुन्छ, परिवारले छोरीलाई सुरक्षित महसुस गर्छ, श्रमिक विद्यार्थीले काम र पढाइ मिलाउन सक्छ, स्थानीय भाषिक–सांस्कृतिक सन्दर्भ बुझ्ने शिक्षकसँग आत्मीयता हुन्छ । पहिलो पुस्ताका विद्यार्थीका लागि कलेज पराइ संस्था नभई, आफ्नो समाजको हिस्सा बन्छ ।

तर यही विद्यार्थी डिजिटल विभाजनको मारमा पनि परेका छन् । अनलाइन फारम भर्न इन्टरनेट छैन, ई–लाइब्रेरी चलाउन ल्यापटप छैन, शोधपत्र खोज्न डेटा छैन, अंग्रेजी सामग्री बुझ्न भाषा सहायता छैन, प्रयोगशाला छ तर प्राविधिक कर्मचारी छैन, पुस्तकालय छ तर अद्यावधिक पुस्तक कम छन् । यसैले गुणस्तरको प्रश्न

केवल पाठ्यक्रम वा शिक्षकको होइन् यो डिजिटल पहुँच, भाषा सहायता, पुस्तकालय, प्राविधिक सेवा र विद्यार्थी परामर्शसँग पनि जोडिएको छ।

### गुणस्तर प्रत्यायनः प्रमाणपत्र मात्र नभई संस्थागत संस्कृति

सामुदायिक कलेजहरू गुणस्तरमा कमजोर मात्र हुन्छन् भन्ने धारणा तथ्यगत रूपमा सही छैन। अवसर, नेतृत्व, स्रोत, प्रणाली र प्रतिबद्धता पाए सामुदायिक कलेजहरूले गुणस्तरमा उल्लेखनीय प्रगति गर्न सक्छन्। UGC/EQAAC को २०८०/८१ वार्षिक प्रतिवेदनअनुसार QAA प्रक्रियामा १४६ सामुदायिक संस्था सहभागी छन्, जुन निजी संस्थाको ७७ सहभागिताभन्दा धेरै हो, अनुपातको दृष्टिले पनि २७.०८ प्रतिशत सामुदायिक संस्था QAA प्रक्रियामा छन् (UGC, २०२४b)।

यसैगरी आ.व. २०२३/२४ मा गुणस्तर प्रत्यायनका लागि सिफारिस भएका १४ उच्च शैक्षिक संस्थामध्ये मध्ये ९ सामुदायिक क्याम्पसहरू थिए। पूर्वतयारी मूल्याङ्कन गरिएका २४ संस्था मध्ये १० सामुदायिक क्याम्पस थिए । उक्त वर्ष १६ उच्च शैक्षिक संस्थाहरूलाई संस्थागत गुणस्तर प्रत्यायनकृत गरिएको थियो (UGC, २०२४b) यी उदाहरणहरूले सामुदायिक कलेजलाई अवसर, स्रोत र प्रणाली दिइयो भने तिनले गुणस्तर सुधारमा उल्लेखनीय योगदान दिन सक्छन् भन्ने देखाउँछ।

तर गुणस्तर प्रत्यायनलाई केवल प्रमाणपत्रका रूपमा बुझ्नु हुँदैन। यसको वास्तविक अर्थ संस्थागत संस्कृति हो। नियमित तथ्याङ्क राख्ने, विद्यार्थी प्रतिक्रिया लिने, शिक्षकको पेसागत विकास गर्ने, अनुसन्धानलाई प्रोत्साहन गर्ने, परीक्षा र मूल्याङ्कन सुधार्ने, प्रशासन पारदर्शी बनाउने, पुस्तकालय प्रयोग बढाउने, वित्तीय लेखापरीक्षण गर्ने, समुदायसँग सम्बन्ध राख्ने र नेतृत्वलाई उत्तरदायी बनाउने निरन्तर प्रक्रिया हो।

गुणस्तर सुधारका लागि दिइने अनुदान केवल भवन निर्माणमा मात्र सीमित हुनु हुँदैन। अनुसन्धान, डाटा प्रणाली, डिजिटल पूर्वाधार, शिक्षक तालिम, विद्यार्थी सेवा, करियर परामर्श, भाषा तथा लेखन केन्द्र, उद्यमशीलता प्रयोगशाला र स्थानीय अनुसन्धानमा पनि लगानी आवश्यक छ।

### प्रमाणपत्रमुख प्रणाली र घट्दो आकर्षण

नेपालको उच्च शिक्षा अझै धेरै हदसम्म नोटमा आधारित, परीक्षा केन्द्रित र स्मरणशक्तिमा निर्भर छ। विद्यार्थी कक्षा सुन्छ, नोट फोटोकपी गर्छ, पुराना प्रश्नपत्र पढ्छ, परीक्षा दिन्छ र प्रमाणपत्र पाउँछ। तर के उसले समाज पढ्न सिक्यो? तथ्य जाँच्न सिक्यो? विश्लेषण गर्न सिक्यो? स्थानीय समस्या बुझ्न सिक्यो? सार्वजनिक नीति पढ्न सिक्यो? उद्यम सुरु गर्न सिक्यो? यदि यी प्रश्नको उत्तर कमजोर छ भने उच्च शिक्षाले प्रमाणपत्र दिएको छ तर क्षमता दिएको छैन भन्ने बुझ्नु पर्छ।

विश्वविद्यालय अनुदान आयोग (२०२३/०२४) को EMIS तथ्याङ्कअनुसार व्यवस्थापन सङ्कायमा २,८२,८३६ विद्यार्थी, अर्थात् कुल भर्नाको ४४.६८ प्रतिशत विद्यार्थी अध्ययनरत रहेको थिए। शिक्षाशास्त्र सङ्कायमा १,३९,४१७ विद्यार्थी अर्थात् २२.०२ प्रतिशत थिए । इन्जिनियरिङ्मा ५.३८ प्रतिशत, मेडिसिनमा ४.९४ प्रतिशत, विज्ञान तथा प्रविधि सङ्कायमा ६.८४ प्रतिशत र कृषि विज्ञानमा ०.८९ प्रतिशत मात्र रहेको तथ्यले कार्यक्रम वितरणमा असन्तुलन देखाउँछ। यो तथ्य सामुदायिक कलेजहरूका लागि पनि महत्त्वपूर्ण छ, किनकि विद्यार्थीको आकर्षण, स्थानीय रोजगार र कार्यक्रमको सान्दर्भिकता पाठ्यक्रम संरचनासँग प्रत्यक्ष जोडिन्छ।

सामुदायिक कलेजका लागि पाठ्यक्रम सुधार अत्यन्त महत्त्वपूर्ण छ। कार्यक्रमको नाम परिवर्तन गरेर मात्र आकर्षण बढ्दैन। कार्यक्रमलाई स्थानीय उद्यम, सहकारी, कृषि बजार, पर्यटन, डिजिटल सेवा, नगर वित्त, स्थानीय उत्पादन र सामाजिक व्यवसायसँग जोड्नुपर्छ।

निरन्तर मूल्याङ्कन, परियोजना कार्य, मौखिक प्रस्तुति, समुदाय–आधारित अध्ययन, फिल्ड रिपोर्ट, घटना विश्लेषण, इन्टर्नसिप र समस्या समाधानमा आधारित मूल्याङ्कन सामुदायिक कलेजका लागि उपयोगी हुन सक्छन्। विद्यार्थीले आफ्नै नगरपालिकाको बजेट पढ्न,

स्थानीय विद्यालयको समस्या अध्ययन गर्न, किसानको लागत–आम्दानी तालिका बनाउन, महिला समूहको उद्यम योजना तयार गर्न र स्थानीय जलवायु जोखिम विश्लेषण गर्न सिके भने उच्च शिक्षा जीवन र समाजसँग जोडिन्छ।

## राजनीतिक हस्तक्षेप र समुदाय–स्वामित्वको क्षय

सामुदायिक कलेजहरूको अर्को संवेदनशील समस्या राजनीतिक हस्तक्षेप हो। कतिपय स्थानमा कलेज व्यवस्थापन समिति स्थानीय दलहरूको शक्ति सन्तुलनको मैदान बन्न पुग्छ। नियुक्ति, पदाधिकारी चयन, कार्यक्रम स्वीकृति, भवन निर्माण, विद्यार्थी सङ्गठन, ठेक्का, शिक्षक छनोट र बजेट वितरणमा राजनीतिक प्रभाव देखिन्छ। शिक्षा राजनीतिक चेतनाबाट अलग हुनुपर्छ भन्ने होइन, तर शैक्षिक संस्था दलगत भागबन्डाको संरचना बन्नु घातक हो।

अर्को गम्भीर समस्या समुदायको घट्दो स्वामित्व हो । स्थापना कालमा चन्दा दिने, ढुङ्गा बोक्ने, बैठक बस्ने, दाता खोज्ने र शिक्षक बोलाउने समुदाय विस्तारै कलेजबाट टाढा हुन थाल्छ। नयाँ पुस्तालाई कलेज कसरी बन्यो भन्ने थाहा हुँदैन। कलेज सबै साझाभन्दा समितिको जस्तो देखिन थाल्छ। जब समुदायको आत्मीयता घट्छ, कलेज शुल्क उठाउने कार्यालयमा सीमित हुन पुग्छ।

सामुदायिक कलेजलाई पुनः समुदायसँग जोड्न सामाजिक लेखापरीक्षण, सार्वजनिक वार्षिक प्रतिवेदन, अभिभावक–पूर्वविद्यार्थी परिषद्, स्थानीय सरकार–कलेज संवाद, खुला पुस्तकालय, सार्वजनिक व्याख्यान, स्थानीय अनुसन्धान प्रदर्शनी र विद्यार्थी सेवा अभियान आवश्यक छन् । संरक्षण र उत्तरदायित्व एकअर्काका विकल्प होइनन् पर्याय हुन्।

## सरकारी जग्गाको सङ्कट र वैधानिकताको प्रश्न

धेरै सामुदायिक कलेजहरू दशकौँअघि स्थानीय सहमति, तत्कालीन प्रशासनिक स्वीकृति, भोगाधिकार, सार्वजनिक प्रयोग वा शैक्षिक प्रयोजनका आधारमा स्थापित भएका हुन्। त्यही जग्गामा भवन बने, विद्यार्थी पढे, शिक्षक–कर्मचारीले सेवा गरे र कलेज स्थानीय समाजको साझा शैक्षिक सम्पत्ति बने । आज तिनको भोगाधिकार, स्वामित्व वा वैधानिक कागजात अधुरो हुन सक्छ। तर त्यसको समाधान केवल प्रशासनिक सूचना, डोजर वा खाली गराउने आदेश हुन सक्दैन।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भोगाधिकार प्राप्त जग्गा र उक्त जग्गामा बनेका संरचना खाली गर्ने सम्बन्धी सूचना प्रकाशित गरेको छ (Ministry of Land Management, Cooperatives and Poverty Alleviation, 2083 BS) । सार्वजनिक जग्गाको दुरुपयोग रोक्नु राज्यको वैधानिक र नैतिक दायित्व हो । सार्वजनिक सम्पत्ति व्यक्तिको कब्जा, व्यापारिक प्रयोग, राजनीतिक संरक्षण वा निजी लाभका लागि प्रयोग भएको छ भने राज्यले कठोर कदम चाल्नैपर्छ । तर सार्वजनिक हितमा दशकौँदेखि शिक्षा दिइरहेका वास्तविक सामुदायिक कलेजलाई व्यापारी कब्जाधारी, दलाल, निजी लाभकर्ता वा राजनीतिक संरक्षणमा बसेका समूहसँग एउटै कोटीमा राख्नु न्यायसङ्गत हुँदैन।

राज्यले निम्न तीन अवस्था स्पष्ट रूपमा छुट्याउनुपर्छ । (१) सार्वजनिक जग्गा निजी नाफाका लागि कब्जा गर्ने समूह (२) कागजी प्रक्रिया कमजोर भए पनि वास्तविक सार्वजनिक सेवा गरिरहेका संस्था (३) सामुदायिक नाममा निजी लाभ लिइरहेका संस्था । यी तीनै अवस्थालाई एउटै दण्ड दिनु प्रशासनिक रूपमा सजिलो देखिएला, तर न्यायपूर्ण समाधान होइन । सामुदायिक कलेजको सवालमा सामाजिक लेखापरीक्षण, उपभोग उद्देश्य परीक्षण, विद्यार्थी सेवा इतिहास, वित्तीय पारदर्शिता, स्थानीय आवश्यकता र वैकल्पिक व्यवस्था अध्ययन गरेर मात्र निर्णय लिनुपर्छ।

सार्वजनिक हितमा काम गरिरहेका कलेजहरूलाई स्थायी भोगाधिकार, भाडा सहुलियत, दीर्घकालीन प्रयोग सम्झौता, शैक्षिक ट्रस्ट वा सार्वजनिक–सामुदायिक साझेदारी मोडेलमार्फत वैधानिकता दिन सकिन्छ । सुशासनको अर्थ सार्वजनिक सम्पत्ति बचाउनु मात्र होइनन् जनताले बनाएको सार्वजनिक शैक्षिक सम्पत्ति पनि बचाउनु हो।

### नीतिगत विभेदको संरचनात्मक अर्थ

नीतिगत विभेद भन्नाले यहाँ सामुदायिक कलेजविरुद्ध कुनै घोषित दण्डात्मक नीति मात्र बुझिँदैन । यसको अर्थ यस्तो संरचनात्मक अवस्था हो जहाँ कुनै संस्था सार्वजनिक सेवा गर्छ तर सार्वजनिक संरक्षण पाउँदैनन्, सामाजिक न्याय कार्यान्वयन गर्छ तर सामाजिक न्यायको वित्तीय साधन पाउँदैनन्, स्थानीय विकासमा योगदान गर्छ तर स्थानीय तहको स्पष्ट दायित्वभित्र पर्दैन, निजी कलेजसँग प्रतिस्पर्धा गर्छ तर निजी क्षेत्रको शुल्क–स्वतन्त्रता छैन, सरकारी जग्गामा सार्वजनिक सेवा गर्छ तर वैधानिक सुरक्षा कमजोर हुन्छ। यो विभेद प्रत्यक्षभन्दा अप्रत्यक्ष छ। कानुनले सामुदायिक कलेजलाई कमजोर बनाउने घोषणा गरेको छैन, तर कानुनी परिभाषा अस्पष्ट, अनुदान अस्थायी, शिक्षक सुरक्षा कमजोर, संघीय जिम्मेवारी अनिश्चित, जग्गा नीति कठोर र गुणस्तर सुधार महँगो हुँदा सामुदायिक कलेजहरू संरचनागत रूपमा कमजोर हुन पुग्छन् । यही नै “न सहुलियत, न सम्मान” को वास्तविक समस्या हो ।

### स्थानीय सरकार र सामुदायिक कलेजबीच साझेदारी

सामुदायिक कलेजहरूको भविष्य केवल विश्वविद्यालय, सम्बन्धन र अनुदान आयोगसँग मात्र जोडिएको छैन, यो स्थानीय सरकारसँगको व्यवहारिक साझेदारीसँग पनि सम्बन्धित छ । स्थानीय तहले संविधानतः आधारभूत र माध्यमिक शिक्षालाई प्रमुख जिम्मेवारीका रूपमा लिएको भए पनि स्थानीय विकास, मानव पूँजी निर्माण, तथ्याङ्क व्यवस्थापन, सामाजिक परिचालन, उद्यमशीलता, कृषि, सहकारी, स्वास्थ्य सचेतना, महिला नेतृत्व, युवा रोजगारी र स्थानीय शासन सुधारका लागि उच्च शिक्षित जनशक्ति आवश्यक हुन्छ। यी जनशक्ति बाहिरबाट ल्याउने कि आफ्नै भूगोलभित्रका सामुदायिक कलेजमार्फत उत्पादन गर्ने भन्ने प्रश्न स्थानीय विकास नीतिको केन्द्रीय प्रश्न बन्नुपर्छ।

स्थानीय तहले सामुदायिक कलेजलाई केवल अनुदान माग्ने संस्था भनेर हेर्नु हुँदैन । कलेज स्थानीय सरकारका लागि नीति–अनुसन्धान साझेदार, तथ्याङ्क विश्लेषक, सामाजिक सर्वेक्षणकर्ता, युवा परिचालन केन्द्र, डिजिटल सहायता केन्द्र र स्थानीय ज्ञान उत्पादन गर्ने प्रयोगशाला बन्न सक्छ।

यस प्रकारको साझेदारीले तीनवटा लाभ दिन्छ । (१) विद्यार्थीले पाठ्यक्रमलाई जीवन र समाजसँग जोड्ने अवसर पाउँछन् । (२) स्थानीय तहले सस्तो, स्थानीय र सन्दर्भ–सम्वेदनशील अनुसन्धान सहयोग पाउँछ । (३) सामुदायिक कलेजको सामाजिक उपयोगिता प्रमाणित हुन्छ, जसले समुदायको स्वामित्व र राज्यको विश्वास दुवै बढाउँछ । यस्ता साझेदारीहरूलाई औपचारिक बनाउन प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको सामुदायिक कलेजसँग वार्षिक समझदारीपत्र गर्न सक्छ । उक्त समझदारीपत्रमा स्थानीय अनुसन्धान, विद्यार्थी इन्टर्नसिप, छात्रवृत्ति, डिजिटल साक्षरता अभियान, सार्वजनिक व्याख्यान, पुस्तकालय पहुँच, नीति संवाद र सामाजिक लेखापरीक्षणका कार्यक्रम समावेश गर्न सकिन्छ।

स्थानीय तहले सामुदायिक कलेजमा गरिएको लगानीलाई खर्च होइन, दीर्घकालीन मानव पूँजी निर्माणको रणनीतिक लगानीका रूपमा बुझ्नुपर्छ। सडक, भवन र भौतिक पूर्वाधार जति आवश्यक छन् स्थानीय समाजलाई बुझ्ने, तथ्याङ्क पढ्ने, नीति लेख्ने, सहकारी व्यवस्थापन गर्ने, सूचना प्रविधि चलाउने, विद्यालय सुधार्ने, उद्यम सुरु गर्ने र सामाजिक नेतृत्व गर्ने युवा जनशक्ति पनि त्यत्तिकै आवश्यक छ । सामुदायिक कलेज यस्तो जनशक्ति उत्पादन गर्ने स्थानीय संस्था भएकाले स्थानीय विकास योजनामा यसको संस्थागत स्थान सुनिश्चित हुनुपर्छ।

### वित्तीय पुनर्संरचना र अनुदानको न्यायोचित ढाँचा

सामुदायिक कलेजको दीर्घकालीन स्थायित्वका लागि वित्तीय संरचना पुनर्विचार गर्नु अपरिहार्य छ। हाल धेरै कलेजहरू आर्थिक स्रोतका रूपमा विद्यार्थी शुल्क, अस्थायी अनुदान, स्थानीय चन्दा, परियोजना सहयोग र कहिलेकाहीँ प्राप्त हुने भौतिक पूर्वाधार अनुदानमा निर्भर छन् । यस्तो आय संरचना अनिश्चित हुन्छ । विद्यार्थी सङ्ख्या घट्दा आम्दानी तुरुन्त घट्छ, तर शिक्षक–कर्मचारी तलब, परीक्षा व्यवस्थापन, भवन मर्मत, विद्युत्, इन्टरनेट, पुस्तकालय, प्रयोगशाला, सुरक्षा, लेखा परीक्षण र प्रशासनिक खर्च घट्दैन । परिणामतः कलेज ऋण,

तलब बक्यौता, सेवा कटौती र गुणस्तर गिरावटको चक्रमा फस्छ ।

यस अवस्थाबाट बाहिर आउन अनुदानलाई केवल अनुकम्पा वा वार्षिक वितरणको विषय होइन, सामाजिक न्याय र सार्वजनिक दायित्वसँग जोडिएको संस्थागत अधिकारका रूपमा विकास गर्नुपर्छ । तर अधिकारमा आधारित अनुदानको अर्थ अन्धाधुन्ध पैसा बाँड्नु भने होइन । अनुदान पाउनका लागि कलेजले नियमित लेखापरीक्षण, वार्षिक प्रतिवेदन, विद्यार्थी अभिलेख, पारदर्शी शुल्क संरचना, शिक्षक–कर्मचारी सेवा विवरण, सामाजिक समावेशिता, गुणस्तर सुधार योजना, स्थानीय तहसँगको साझेदारी र समुदाय प्रतिनिधित्व जस्ता न्यूनतम सार्वजनिक उत्तरदायित्व पूरा गर्नुपर्छ। यसरी अनुदान र उत्तरदायित्वलाई एकैसाथ जोड्दा राज्यको लगानी पनि सुरक्षित हुन्छ र कलेजको सार्वजनिक चरित्र पनि बलियो हुन्छ।

वित्तीय ढाँचामा कम्तीमा चार तहको व्यवस्था गर्न सकिन्छ । (१) न्यूनतम तलब–सुरक्षा अनुदान, जसले कलेजका शिक्षक–कर्मचारीलाई आधारभूत नियमितता दिन्छ। (२) भूगोल–आधारित समता अनुदान, जसले दुर्गम, सीमावर्ती, पहाडी, कर्णाली, सुदूरपश्चिम र न्यून वैकल्पिक पहुँच भएका क्षेत्रका कलेजलाई अतिरिक्त संरक्षण दिन्छ। (३) गुणस्तर सुधार अनुदान, जसले QAA, डिजिटल अभिलेख, पुस्तकालय, शिक्षक तालिम, अनुसन्धान प्रकाशन, करियर सेवा र विद्यार्थी परामर्शलाई सहयोग गर्छ । (४) स्थानीय विकास–अनुसन्धान अनुदान, जसले कलेजलाई स्थानीय तहसँग जोडिएका परियोजनामा संलग्न गराउँछ।

यस प्रकारको वित्तीय ढाँचा सामुदायिक कलेजलाई केवल टिकाउने नीति होइन, सुधार गर्ने बिधि पनि हो । अनुदानले तलब मात्र धान्ने होइन, संस्थागत सुधारको मार्ग खोल्नुपर्छ। कलेजले पनि अनुदान पाउनु मात्र आफ्नो अधिकार हो भनेर मान्नु हुँदैन, त्यसको बदलामा पारदर्शिता, गुणस्तर, समावेशिता र समुदायप्रतिको उत्तरदायित्व बहन गर्नुपर्छ। यही सन्तुलनले सामुदायिक कलेजलाई दयामूलक संरचनाबाट अधिकार–उत्तरदायित्वमा आधारित आधुनिक सार्वजनिक–सामुदायिक संस्थामा रूपान्तरण गर्न सक्छ।

**समुदाय–स्वामित्व पुनर्जीवन र पूर्वविद्यार्थीको भूमिका**

सामुदायिक कलेजको शक्ति केवल सरकारी अनुदान वा विश्वविद्यालय सम्बन्धनमा सीमित छैन, यसको वास्तविक शक्ति समुदायको विश्वासमा निहित हुन्छ। स्थापना कालमा सामुदायिक कलेजहरू स्थानीय जनसहभागिताबाट बने । अभिभावकले चन्दा दिए, शिक्षकले त्याग गरे, व्यापारीले सामग्री दिए, स्थानीय नेतृत्वले अभियान चलायो र विद्यार्थीले आफ्नो भविष्य त्यही संस्थासँग जोडे । तर समयसँगै कलेज र समुदायबीचको भावनात्मक दूरी बढ्दै जान सक्छ । व्यवस्थापन समिति, क्याम्पस प्रशासन र सीमित स्थानीय शक्ति समूहमा संस्था सीमित हुँदा व्यापक समुदायले कलेजलाई आफ्नो मान्न छाड्छ।

यस दूरीलाई घटाउन समुदाय–स्वामित्व पुनर्जीवन आवश्यक छ । प्रत्येक सामुदायिक कलेजले वार्षिक सार्वजनिक सभा आयोजना गर्नुपर्छ, जहाँ आर्थिक प्रतिवेदन, शैक्षिक उपलब्धि, विद्यार्थी सङ्ख्या, उत्तीर्ण दर, छात्रवृत्ति विवरण, अनुदान उपयोग, आगामी योजना र चुनौतीहरू सार्वजनिक गरिनुपर्छ। सामाजिक लेखापरीक्षणलाई औपचारिकता मात्र नभई समुदायसँग संवाद गर्ने माध्यम बनाइनुपर्छ। अभिभावक, विद्यार्थी, पूर्वविद्यार्थी, शिक्षक, स्थानीय तह, दाता, नागरिक समाज र स्थानीय उद्यमीलाई कलेजको विकास योजनामा सहभागी गराउनुपर्छ।

पूर्वविद्यार्थी सामुदायिक कलेजका सबैभन्दा महत्त्वपूर्ण तर कम प्रयोग भएका स्रोत हुन्। धेरै पूर्वविद्यार्थी आज शिक्षक, कर्मचारी, प्रशासक, उद्यमी, पत्रकार, जनप्रतिनिधि, वैदेशिक रोजगारीमा रहेका पेशाकर्मी वा सामाजिक अगुवा भएका छन् । उनीहरूलाई व्यवस्थित पूर्वविद्यार्थी परिषद्, छात्रवृत्ति कोष, मेन्टरशिप कार्यक्रम, करियर संवाद, इन्टर्नसिप व्यवस्था, पुस्तकालय सहयोग, डिजिटल ल्याब, अनुसन्धान अनुदान र रोजगार नेटवर्कमा जोड्न सकिन्छ । पूर्वविद्यार्थीले आर्थिक सहयोग मात्र

होइन, सामाजिक प्रतिष्ठा, पेशागत मार्गदर्शन र संस्थागत विश्वास पनि दिन सक्छन्।

समुदाय–स्वामित्व पुनर्जीवनले राजनीतिक हस्तक्षेपलाई पनि सन्तुलित गर्न सक्छ। जब कलेजको निर्णय प्रक्रिया खुला, पारदर्शी र व्यापक समुदायको निगरानीमा हुन्छ, तब दलगत भागबन्डा, नियुक्ति दबाब, स्रोत दुरुपयोग र सीमित समूहको नियन्त्रण घट्न सक्छ । सामुदायिक कलेज सार्वजनिक हितको संस्था हो भने यसको शासन संरचना पनि सार्वजनिक चरित्रको हुनुपर्छ । कलेजको स्वामित्व कागजमा समुदायको तर व्यवहारमा केही व्यक्तिको हुनु हुँदैन। वास्तविक सामुदायिक कलेज त्यो हो, जहाँ समुदायले योगदान मात्र गर्दैन, प्रश्न पनि गर्छ, जहाँ कलेजले सेवा मात्र दिँदैन, जवाफदेही पनि हुन्छ ।

### नीति कार्यान्वयनका सम्भावित जोखिम

सामुदायिक कलेज सुधारका लागि प्रस्तावित नीति कार्यान्वयन गर्दा केही जोखिमहरू पनि ध्यान दिनुपर्छ। (१) सुधारका नाममा अत्यधिक केन्द्रीकृत नियन्त्रणः यदि राज्यले सामुदायिक कलेजलाई सहयोग गर्ने बहानामा तिनको स्थानीय स्वायत्तता, समुदाय–स्वामित्व र संस्थागत लचकता नै समाप्त पार्यो भने सामुदायिक चरित्र कमजोर हुन सक्छ। (२) अनुदानको राजनीतिक दुरुपयोगः स्पष्ट मापदण्ड, सार्वजनिक लेखापरीक्षण र कार्यसम्पादन मूल्याङ्कन बिना अनुदान वितरण भयो भने वास्तविक आवश्यकता भएका कलेजभन्दा राजनीतिक पहुँच भएका कलेज लाभान्वित हुन सक्छन्। (३) गुणस्तरको नाममा दुर्गम कलेजमाथि असमान दबाबः स्रोतसम्पन्न सहरी संस्थाका मापदण्ड दुर्गम कलेजमा तुरुन्त लागू गर्दा ती संस्था सुधारभन्दा बढी दण्डको शिकार बन्न सक्छन्।

त्यसैले क्रमिक समतामूलक र सन्दर्भ–सम्वेदनशील सुधार नीति अपनाइनुपर्छ। न्यूनतम मापदण्ड आवश्यक हुन्छन् तर ती मापदण्ड पूरा गर्न स्रोत, तालिम, समय र प्राविधिक सहयोग पनि दिनुपर्छ। कमजोर कलेजलाई बन्द गर्नुअघि समायोजन, साझेदारी, कार्यक्रम पुनर्संरचना, डिजिटल सहयोग, शिक्षक तालिम, स्थानीय अनुसन्धान र वित्तीय पारदर्शिता सुधारका अवसर दिनुपर्छ। सुधारको लक्ष्य कलेज घटाउनु होइन, सामाजिक आवश्यकता भएका कलेजलाई सक्षम बनाउनु हो। यसैले सामुदायिक कलेज सम्बन्धी नीति दण्डमुखी होइन, उत्तरदायी संरक्षणमुखी हुनुपर्छ।

## निष्कर्ष

सामुदायिक कलेजहरू नेपालको उच्च शिक्षाको लोकतान्त्रीकरणका आधारभूत संस्था हुन् । तिनले ग्रामीण, अर्धशहरी, विपन्न, महिला, दलित, जनजाति, मधेसी, श्रमिक र पहिलो पुस्ताका विद्यार्थीलाई उच्च शिक्षासम्म पहुँच दिएका छन् । यी संस्था स्थानीय समाजको श्रम, चन्दा, विश्वास, त्याग र आकांक्षाबाट बनेका सार्वजनिक–सामुदायिक शैक्षिक सम्पत्ति हुन् । तिनलाई केवल सम्बन्धन प्राप्त क्याम्पस वा कमजोर स्रोत भएका स्थानीय संस्था भनेर बुझ्नु तिनको ऐतिहासिक योगदानलाई न्यून मूल्याङ्कन गर्नु हो।

तर यिनै संस्था आज नीतिगत अस्पष्टता, वित्तीय अस्थायित्व, शिक्षक–कर्मचारी असुरक्षा, घट्दो विद्यार्थी प्रवृत्ति, पाठ्यक्रम सान्दर्भिकता सङ्कट, जग्गा वैधता जोखिम, राजनीतिक हस्तक्षेप, डिजिटल विभाजन र समुदाय–स्वामित्व क्षयको दबाबमा छन् । सार्वजनिक सेवा गर्ने तर सार्वजनिक संरक्षण नपाउने, सामाजिक न्यायको दायित्व बोक्ने तर सामाजिक न्यायको बजेट नपाउने, स्थानीय विकासमा योगदान गर्ने तर स्थानीय शासनको स्पष्ट साझेदार नबन्ने अवस्थाले सामुदायिक कलेजहरूलाई गहिरो सङ्कटमा पुर्‍याएको छ।

यसैले सामुदायिक कलेजको संरक्षण कुनै भावनात्मक आग्रह, स्थानीय दबाब वा दयामूलक अनुदानको विषय होइन। यो संविधानले स्वीकार गरेको समान अवसर, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र उच्च शिक्षाको लोकतान्त्रिक पहुँचको प्रश्न हो। राज्यले दुरुपयोग रोक्नैपर्छ, सामुदायिक नाममा निजी लाभ, अनियमितता र कार्य असक्षमता नियन्त्रण गर्नैपर्छ। तर दुरुपयोग रोक्ने नाममा वास्तविक सार्वजनिक शैक्षिक सेवा गरिरहेका संस्था कमजोर पार्नु विवेकपूर्ण नीति होइन।

सामुदायिक कलेजलाई दया होइन, नीतिगत सम्मान चाहिएको छ । अन्धाधुन्ध अनुदान होइन, उत्तरदायी साझेदारी चाहिएको छ। भाषण होइन, कानुनी पहिचान, नियमित वित्तीय आधार, शिक्षक सुरक्षा, विद्यार्थी सहुलियत, जग्गा वैधता, अनुसन्धान सहयोग, गुणस्तर सुधार र तीनै तहका सरकारको समन्वयपूर्ण अभिभावकत्व चाहिएको छ। सामुदायिक कलेज बचाउनु भनेको लाखौं विद्यार्थीको भविष्य बचाउनु हो, जसका लागि उच्च शिक्षा अझै पनि घर नजिकको सामुदायिक कलेजबाटै सुरु हुन्छ ।

## सिफारिसहरू

- सामुदायिक कलेजको स्पष्ट कानुनी परिभाषा, स्वामित्व संरचना, सुशासन र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने राष्ट्रिय नीतिगत ढाँचा निर्माण गर्नुपर्छ।
- सामुदायिक कलेजहरूलाई भौगोलिक अवस्था, सामाजिक आवश्यकता र संस्थागत क्षमताका आधारमा वर्गीकरण गरी सोअनुसार फरक–फरक नीति लागू गर्नुपर्छ।
- विद्यार्थी सङ्ख्या, सामाजिक समावेशिता, भूगोल, गुणस्तर र वित्तीय पारदर्शिताका आधारमा अधिकारमा आधारित नियमित अनुदान प्रणाली लागू गर्नुपर्छ।
- शिक्षक तथा कर्मचारीका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, पेशागत विकास र सेवा सुरक्षाको सुनिश्चितता गर्नुपर्छ ।
- संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन गरी सामुदायिक कलेजको विकासमा प्रभावकारी समन्वय स्थापित गर्नुपर्छ।
- सामुदायिक कलेजका जग्गा तथा भवनको कानुनी सुरक्षा सुनिश्चित गर्दै दीर्घकालीन संस्थागत स्थायित्व प्रदान गर्नुपर्छ।
- पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई स्थानीय विकास, अनुसन्धान, उद्यमशीलता तथा रोजगारीका अवसरसँग आबद्ध गर्नुपर्छ।
- गुणस्तर प्रत्यायन, अनुसन्धान, डिजिटल पूर्वाधार र संस्थागत सुशासनलाई सुदृढ गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नुपर्छ।
- विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति, डिजिटल पहुँच, करियर परामर्श र सहयोगमूलक सेवाहरू विस्तार गर्नुपर्छ।
- पूर्वविद्यार्थी तथा प्रवासी समुदायलाई छात्रवृत्ति, अनुसन्धान र संस्थागत विकासमा सक्रिय रूपमा परिचालन गर्नुपर्छ।
- सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि वार्षिक प्रतिवेदन, सामाजिक लेखापरीक्षण, खुला बजेट र समुदायसँगको नियमित साझेदारीलाई संस्थागत गर्नुपर्छ।

## References


Altbach, P. G., Reisberg, L., & Rumbley, L. E. (2009). *Trends in global higher education: Tracking an academic revolution.* UNESCO.

Becker, G. S. (1964). *Human capital: A theoretical and empirical analysis, with special reference to education.* The University of Chicago Press.

Cohen, A. M., Brawer, F. B., & Kisker, C. B. (2014). *The American community college* (6th ed.). Jossey-Bass.

Government of Nepal. (1993). *University Grants Commission Act, 2050* (*1993*). Nepal Law Commission.

Government of Nepal. (2020). *The Constitution of Nepal* (*Consolidated with the First and Second Amendments*). Nepal Law Commission.

Marginson, S. (2016). The worldwide trend to high participation higher education: Dynamics of social stratification in inclusive systems. Higher Education, 72(4), 413–434. https://doi.org/10.1007/s10734-016-0016-x

Ministry of Education, Science and Technology. (2019). *National Education Policy*, *2076*. Government of Nepal.

Ministry of Land Management, Cooperatives and Poverty Alleviation. (2026). *Bhogadhikar prapta jagga ra ukta jaggama baneka sanrachana khali garne sambandhi suchana*. Government of Nepal.

Rawls, J. (1971). *A theory of justice*. Harvard University Press. https://doi.org/10.2307/j.ctvjf9z6v

Sen, A. (1999). *Development as freedom*. Oxford University Press.

Trow, M. (1973). *Problems in the transition from elite to mass higher education*. Carnegie Commission on Higher Education.

UNESCO. (2015). *Education 2030: Incheon Declaration and Framework for Action for the implementation of Sustainable Development Goal 4*. UNESCO.

University Grants Commission. (2024a). *Education Management Information System* (*EMIS*) *report of higher education 2023/24*. University Grants Commission, Nepal.

University Grants Commission. (2024b). *Annual report 2080/81*. Educational Quality Assurance and Accreditation Council, University Grants Commission, Nepal.

University Grants Commission. (n.d.). *QAA प्राप्त उच्च शैक्षिक संस्थाहरू*. University Grants Commission, Nepal.